मिति २०८०।०८।२५ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

**श्री**

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए वमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल वमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८०।०८।२५ गते।

बैठक बसेको समयः बिहान ११.०० बजे।

**उपस्थिति**

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण वहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन वहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल वहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग वहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री बीर वहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |



Scanned with CamScanner

मिति २०८०।०८।२५ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| | | | |
|---|---|---|---|
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री पदम बहादुर वस्नेत, प्रमुख प्रशासकीय अधिकृत | | गाउँ कार्यपालिका सचिव | |
| **अन्य उपस्थितिः** | | | |
| श्री जीतेन्द्र गिरी, शाखा अधिकृत | | | |
| श्री युवराज काफ्ले, शिक्षा अधिकृत | | | |
| श्री प्रेमबहादुर लुङ्गेली, जिन्सी शाखा | | | |
| श्री बिमलराज काफ्ले, लेखा सहायक | | | |
| श्री विनिता लामा, सूचना प्रविधि अधिकृत | | | |
| श्री चन्द्रिका थापा - प्रा.स. | | | |

**प्रस्तावहरुः**

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/ वडा/विषयगत समिति |
|---|---|---|
| १. | अघिल्लो गाउँ कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा । | सबै |
| २. | हिंउदे अधिवेशनको मिति तय गर्ने सम्बन्धमा । | सबै |
| ३. | विपदको समयमा उद्धार कार्यको लागि अति आवश्यक पर्ने सामाग्री खरिदको रकम उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा |
| ४. | निर्माणाधिन लाम्पनटार प्राथमिक अस्पतालको ठेकेदार कम्पनी ए एम पाइनसको म्याद थप सम्बन्धमा। | पुर्वाधार विकास शाखा |
| ५. | सामी परियोजनाको बैठकको निर्णय अनुमोदन सम्बन्धमा। | स्वास्थ्य शाखा |
| ६. | खेलकुद समितिको समस्य सचिव सम्बन्धमा। | प्रशासन शाखा |



Scanned with CamScanner

| | | |
|---|---|---|
| ७. | भूमि आयोगको कार्यक्रम सम्बन्धमा। | सामाजिक विकास शाखा |
| ८. | आँखा शिविरमा जाने बिरामीको यातायात व्यवस्थापन सम्बन्धमा। | आर्थिक प्रशासन शाखा |
| ९. | गत आ व २०७९।०८० मा भुक्तानी हुन नसकेका चालु खर्च भुक्तानी सम्बन्धमा। | आर्थिक प्रशासन शाखा |
| १०. | शिक्षा समितिको बैठक निर्णय अनुमोदन सम्बन्धमा। | शिक्षा, युवा तथा खेलकुद शाखा |
| ११. | रिक्त दरबन्दीमा कर्मचारी पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगमा माग गर्ने सम्बन्धमा। | प्रशासन शाखा |
| १२. | विविध । | सबै |



Scanned with CamScanner

**मिति २०८०।०८।२५ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय**

<u>निर्णय नं.</u> (१)

प्रस्ताव नं. (१) माथि छलफल गर्दा तीनपाटन गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०/०७/१५ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णय समीक्षा गरियो ।

<u>निर्णय नं.</u> (२)

प्रस्ताव नं. (२) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको हिउँदे अधिवेशन यहि मिति २०८०।०९।१४ मा गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

<u>निर्णय नं.</u> (३)

प्रस्ताव नं. (३) माथि छलफल गर्दा यस जिल्ला विपद व्यवस्थापन समिति सिन्धुलीको मिति २०८०।०४।१४ गतेको निर्णय बमोजिम विपदको समयमा उद्धार कार्यको लागि अति आवश्यक पर्ने सामग्री खरिद तथा समन्वयका लागि यस तीनपाटन गाउँपालिकाको तर्फबाट रु ४०००००।-(रुपैया चार लाख मात्र) अ ल्याबाट भुक्तानी गर्ने निर्णय पारित गरियो ।

<u>निर्णय नं.</u> (४

प्रस्ताव नं. (४) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकामा निर्माणाधिन लाम्पनटार प्राथमिक अस्पतालको ठेकेदार कम्पनी ए म पाइनसले म्याद थप गरिपाँउ भनी मिति २०८०।०८।०८ मा दिएको निवेदन बमोजिम म्याद थपको कारण मनासिव देखिएकोले उक्त कार्यको लागि मिति २०८१।०३।२९ सम्मका लागि म्याद थप गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

<u>निर्णय नं.</u> (५)

प्रस्ताव नं. (५) माथि छलफल गर्दा सामी परियोजनाको मिति २०८०।०८।१२ मा बसेको यस गाउँपालिकाको स्थानीय तहको कार्यक्रम व्यवस्थापन समितिको बैठकको निर्णय अनुमोदन गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

<u>निर्णय नं.</u> (६)

प्रस्ताव नं. (६) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको खेलकुद समितिको सदस्य सचिवको रुपमा कार्यरत श्री सुरेश कुमार बरालको कार्यव्यस्थताका कारण उक्त समितिको सदस्य सचिवको

जिम्मेवारी श्री चेत बहादुर पुर्वछानेलाई दिने निर्णय सर्वसम्मत पारित गरियो।

<u>निर्णय नं.</u> (७)

प्रस्ताव नं. (७) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका अन्तर्गत दर्ता कार्य सम्पन्न गरेका वडाहरुको भूमि आयोगको नियमानुसार जग्गा नापजाँच कार्य अघाडी बढाउने निर्णय सर्वसम्मत पारित गरियो।

<u>निर्णय नं.</u> (८)

प्रस्ताव नं. (८) माथि छलफल गर्दा यस गाउँपालिकाबाट सिन्धुलीमा सञ्चालन हुने आँखा शिविरमा आखा उपचारको लागि जाने बिरामीको लागि गाडी रिजर्भ गर्ने तथा उक्त .कार्यको लागि लागेको गाडीभाडा (अधिकत रु १,००,०००।- मात्र) यस गाउँपालिकाबाट भुक्तानी गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

<u>निर्णय नं.</u> (९)

प्रस्ताव नं. (९) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको गत आ व २०७९।०८० मा रकम अभावका कारण भुक्तानी हुन नसकी यस आ. व.को लागि दायित्व सारिएका चालु खर्च भुक्तानीको सम्बन्धमा आउदो हिउँदे अधिवेशनबाट शिर्षकगत रुपमा बजेट व्यवस्था गरी सोही बमोजिम भुक्तानी गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

तपसिलः

<u>निर्णय नं.</u> (१०)

प्रस्ताव नं. (१०) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८०।०८।१३ र मिति २०८०।०८।२५ गतेको बैठकका सम्पुर्ण निर्णय अनुमोदन गरी सोही बमोजिम गर्न गराउन तीनपनटन गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत शिक्षा, युवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय सर्वसम्मत पारित गरियो।

<u>निर्णय नं.</u> (११)

प्रस्ताव नं. (११) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको कार्यालयमा दरबन्दी तेरिज बमोजिम रहेका रिक्त कर्मचारी दरबन्दी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

<u>निर्णय नं.</u> (१२) प्रस्ताव नं १२ विविध विषयमाथि छलफल गर्दा देहायका निर्णयहरु सर्वसम्मत पारित गरियो।

(क) सामी परियोजना अन्तर्गत यस तीनपापटन गाउँपालिकाको स्थानीय तहको कार्यक्रम व्यवस्थापन समितिको मिति २०८०।०८।१२ गतेको निर्णय बमोजिम मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सम्बन्धी नीति निर्माणको लागि नियमानुसार प्राविधिक कार्यसमिति गठन गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

(ख) तीनपाटन गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयका लेखा सहायक, बालविकास सहजकर्ता र सहयोगीको पदपूर्ति सम्वन्धी कार्यविधि, २०८० पारित गर्ने निर्णय गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।



Scanned with CamScanner